# कोशिश

मानसिक स्वास्थ्य समस्या/मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको आवाज

वर्ष ४, अंक ५ | कोशिश द्वैमासिक पत्रिका (Bi-Monthly Newsletter) | सेप्टेम्बर-अग्टोबर, २०१३




*कोशिशका अध्यक्ष मातृका देवकोटा डा. गुस्लान "ब्रेकिङ्ग द चेन्स् अफ स्टीगमा" अवार्ड २०१३ ग्रहणका क्रममा धन्यवाद दिँदै आफ्नो मन्तव्य प्रकट गर्दै ।*

## डा. गुस्लान अवार्ड

डा. गुस्लान "ब्रेकिङ्ग द चेन्स् अफ स्टीगमा" अवार्ड जन्स्सेन रिसर्च एण्ड डेभलप्मेण्ट र डा. गुस्लान संग्राहलयको पहलमा स्थापीत पुरस्कार हो । यस पुरस्कारले अन्तरकालदेखि पारम्परीक रुपमा मानसिक स्वास्थ्यको क्षेत्रमा कार्य गर्दै आएका तथा अनुसन्धान गरिरहेका यी दुवै संस्थालाई एकजुट बनाएको छ ।

डा. जोसेफ गुस्लान (१७९७-१८६०) मानसिक समस्या भएका बिरामीका लागि एक सक्रिय अधिकारकर्मी तथा बेल्जियमका पहिलो मनोचिकित्सक थिए जसले वैज्ञानिक आधारमा मानसिक रोगको उपचार खोजे । मानसिक रोगीहरुका एक बुलन्द वक्ता डा. गुस्लानले उनीहरुको अधिकार उठान गर्नका लागि र सामाजिक स्तरमा सुधार ल्याउन अथक कार्य गरेका थिए । उनले मानसिक रोगको बारेमा विस्तृत रुपमा अध्यापन गराउनुका साथै प्रकाशन पनि गरे जसबाट उनले आफ्नो समकालीनहरुबीच राम्रो पहिचान बनाउन पनि सफल रहे ।

डा. गुस्लान संग्राहलय सन् १९८६ मा बेल्जियमको घेन्टमा स्थापना गरिएको हो । यस संग्राहलयमा स्थायी रुपमा प्रदर्शनमा राखिएका संग्रहरु र अर्ध बार्षिक रुपमा श्रृंखलाबद्ध रुपमा परिवर्तित विषयगत प्रदर्शनीले मनोरोगविज्ञानको इतिहासलाई राम्रै सम्बोधन गरेको छ । संग्राहलयमा मनोरोगविज्ञानसँग सम्बन्धित फोटाहरु, दुई सय वर्षदेखी संरक्षित अभिलेखहरु र मनोरोगविज्ञानको इतिहासलाई कालक्रम मिलाएर राखिएको पुस्तकालयले प्रमुख स्थान पाएका छन् । समग्रमा संग्राहलयले मानसिक रोगको उपचार सम्बन्धमा जनमानसलाई जानकारी दिन र उनीहरुमा रहेको दुराग्रह र भ्रमलाई चिर्न खोजेको छ । प्रत्येक वर्ष यस संग्राहलयमा ६५,००० भ्रमणकर्ताहरुले अवलोकन गर्ने गर्दछन् ।

(स्रोत: म्युजियम डा. गुस्लान)

# "ब्रेकिङ्ग द चेन्स् अफ स्टीगमा"

कोशिशका अध्यक्ष मातृका देवकोटालाई मानसिक स्वास्थ्य क्षेत्रमा रहेको कलंकलाई चिरेर बाहीर आई मानसिक समस्या भएका व्यक्तिहरुको सशक्तिकरणको लागि गरेको निरन्तर प्रयास र उनीहरुको संरक्षण तथा सम्बर्द्धनको लागि स्वपैरवी तथा वकालत गरे बापत डा. गुस्लान "ब्रेकिङ्ग द चेन्स् अफ स्टीगमा" अवार्ड २०१३ को बिजेतामा चयन गरिएको हो ।

डा. गुस्लान अवार्ड कार्यक्रम डा. गुस्लान संग्राहलय र जन्स्सेन रिसर्च एण्ड डेभलप्मेण्टले संयुक्त रुपमा आयोजना गरेको हो । जसमा एलएलसी जन्स्सेनको आर्थिक तथा भौतीक सहयोग रहेको छ ।

"डा. गुस्लान अवार्डले मानसिक स्वास्थ्य क्षेत्रमा रहेको कलंकलाई चिर्न मानसिक स्वास्थ्यका अगुवाईहरुले लडेको लडाईंलाई प्रतिनिधित्व गर्दछ," डा. गुस्लान अवार्ड छनौट समितीका जुरी सदस्य तथा अबाउट हर ओन न्यूरोलोजिकल इल्नेसका लेखक सिरी हस्टभेट भन्दछन् । "देवकोटा तिनै मध्येका एक हुन् जसले यो कलंकलाई चिर्ने आशा राख्दछन् र हामी उनले मानसिक स्वास्थ्य क्षेत्र/समुदायमा गरेको महत्वपूर्ण कार्यबापत सम्मान गर्न पाउँदा गौरवान्वित छौं ।"

**"उनको कार्यले बिरामीहरुमा स्वपैरवी गर्ने क्षमता वृद्धि भएको छ र मानसिक रोगको बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्यमा पनि योगदान पुगेको छ ।"**

"यस पुरस्कार प्राप्त गरेसँगै मानसिक रोगका कारण समाजमा भेदभावपूर्ण जिवन बिताइरहेका व्यक्तिहरुको निम्ति काम गर्न म अझ धेरै जिम्मेवारी महसुस गरेको छु," देवकोटाले भने । उनी जोड्छन्, "हाम्रै प्रयासका कारण नेपालमा मानसिक स्वास्थ्यको क्षेत्रमा आधारभूत तथा नितीगत रुपमा केहीं परिवर्तन अनुभव गर्न थालेका छौं । मानसिक रोगका कारण भेदभावपूर्ण जिवन बिताइरहेका व्यक्तिहरुको अधिकार प्रवर्द्धनका निम्ति म निरन्तर रुपमा यस कार्यलाई अघि बढाउने छु ।"

"मानसिक रोग भएका व्यक्तिहरुका लागि देवकोटाले गरेको लगावपूर्ण कार्यले नेपालमा त्यस्ता समस्या भोगेका व्यक्तिहरुका निम्ति महत्वपूर्ण प्रभाव पारेको छ," डा. गुस्लान संग्राहलयका महाप्रबन्धक ब्रोदर रेने स्टकम्यान भन्दछन् । "उनको कार्यले बिरामीहरुमा स्वपैरवी गर्ने क्षमता वृद्धि भएको छ र मानसिक रोगको बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्यमा पनि योगदान पुगेको छ ।"

(बाँकी ३ पृष्ठमा)

भित्रि पृष्ठमा

उद्धार तथा पुनःस्थापना २
जनचेतना र वकालत ३
कोशिशको प्रयास ४

## सडकबाट उद्धार

काठमाडौंको पश्चिमी भेग बालाजुको सडक पेटीमा प्लाष्टिकले शरीर बेरेर बसेकी शान्तिलाई अर्धनग्न अवस्थामा भेटाइएको थियो । स्थानीय बासिन्दाका अनुसार उनी यस ठाउँमा यसरी बस्न थालेको करीब छ महिना भइसक्यो । उनले त्यहाँ हिंडडुल गर्ने पैदलयात्रीहरुलाई कहिल्यै नराम्रो गरिनन् । त्यहीं भएर नै स्थानीयहरुले माया गरी उनलाई खानेकुरा र लुगाफाटा दिने गर्थे । "उनलाई खानेकुरा, पैसा र लुगाफाटाको कहिल्यै मतलब भएन, बरु एकोहोरो आफ्नो हातले शरीरमा लुकाएको प्लाष्टिक झोलातिर छामिरहन्थिन्," एक स्थानीयले बताए ।

शान्तिलाई कोशिशले २०७० साल असोज ३ गते उद्धार गरेको हो । स्थानीय प्रहरीको सहयोगमा उनलाई प्रहरीकै भ्यानमा कोशिशको सुरक्षित घरमा ल्याइएको थियो । जब कोशिशको टोली उनको उद्धारमा गएको थियो, मानिसहरुको भिडका कारण उनी केही तनावमा थिइन् र टोलीमाथी पनि आक्रमक रुपमा प्रस्तुत भएकी थिइन् । बाटाभरी नै "हे आमा हे बा मलाई मार्न थाले, बचाउनुहोस्" भन्दै चिच्याउँदै कराउँदै आएकी थिइन् ।

सडकमा रहँदाको धुलाम्य अवस्थाको शरीर र बर्षौं नकोरेको लट्टा परेको कपालसँगै उनी कोशिश सुरक्षित घरमा प्रवेश गर्दा त्यहाँ संलग्न नर्स तथा केयरटेकरले सर्वप्रथम उनलाई सफासुग्घर पार्ने काम गरे र खान दिए । उनी शान्त थिइनन् र बेलाबेला बरबराई रहन्थिन् । उनी आफूले दिसा पिसाब गरेको पनि थाहा नपाउने अवस्थामा थिइन् ।

कोशिशले उनको अवस्थामा सुधार ल्याउन विभिन्न उपचार पद्दती तथा निरन्तर सुपरिवेक्षण गर्दै आएको छ जसले केही हदसम्म काम गरीसकेको छ ।



*सडकमा रहँदा शान्तिको अवस्था (बाँया) र कोशिशको सुरक्षित घरमा आएपछिको अवस्था*

## कोशिशका सेवाहरु

### सुरक्षित घर ओ.पि.डी. सेवा:

प्रत्येक सोमबार र बिहिबार दिउँसो २:०० बजे, कोशिश सुरक्षित घर, बागडोल, ललितपुर ।

### द्धौतरी भेला तथा परामर्श:

प्रत्येक मंगलबार (अंग्रजी महिनाको अन्तिम मंगलबार बाहेक) दिउँसो ११:०० बजे, कोशिश, धसिखेल, ललितपुर ।

### द्धौतरी भेलाको औपचारिक बैठक:

अंग्रजी महिनाको अन्तिम मंगलबार दिउँसो ११:०० बजे, कोशिश, धसिखेल, ललितपुर ।

### भक्तपुर अस्पताल ओ.पि.डी. सेवा:

नेपाली महिनाको प्रत्येक तेस्रो मंगलबार दिउँसो २:०० बजे देखि ४:०० बजेसम्म, भक्तपुर अस्पताल, भक्तपुर ।

उनको अवस्थामा सुधारहरु देखिन थालेका छन् । उनी डान्स थेरापी, आर्ट थेरापी, गार्डनिङ्ग जस्ता कृयाकलापमा सक्रिय हुन थालेकी छन् । त्यस्तै खाना पकाउने काममा पनि सघाउन थालेकी छिन् ।

उनले आफ्नो स्मरण शक्ति गुमाएका कारण उनको उपचार पश्चात परिवारमा पुन:स्थापना गराउन समस्या देखिन्छ । तर विगतमा कोशिशले त्यस्ता धेरै व्यक्तिहरुलाई आफ्नो घर ठेगाना थाहा नभएको अवस्थामा पनि थोरै जानकारीका आधारमा नै पुन:स्थापित गराउन सफल भइसकेको छ । उनले पनि औषधी सेवन गरिरहेको र विभिन्न परामर्श तथा थेरापीहरु लिइरहेको अवस्थामा आफ्नो बारेमा भविष्यमा केही जानकारी दिन सक्छिन् भन्ने विश्वासका साथ कोशिशले काम गरिरहेको छ ।

## परीवर्तीत जिवन

पाँचथर जिल्लाका याशोक गा.वि.स वडा नं २ का कुमार (नाम परिवर्तन) लाई मानसिक स्वास्थ्य समस्याको उपचार पश्चात कोशिशले २०७० साल असोज १० गते परिवारमा पुन:स्थापित गरेको हो । उनको उपचारको लागि कोशिशले २०७० साल जेठ १४ गते उनको घरमै गई उद्धार गरेको थियो ।

पैंतीस वर्षिय कुमार किशोर अवस्थामा तिक्ष्ण दिमागका फुर्तीला र स्वस्थ युवक थिए । पन्ध्र वर्ष अगाडी उनी हाई स्कूलमा पढ्दै गर्दा उनमा बारम्बार बेहोश भई ढल्ने रोग देखा पर्न थाल्यो । उनमा एक किसिमको उग्र व्यवहार पनि देखा पर्न थाल्यो । उनको यस्तो किसिमको क्रियाकलापबाट घरका परिवार र छिमेकीहरुमा एक किसिमको त्रास र अन्यौल छायो तर उनीहरु यस्तो किसिमको रोगको बारेमा अनभिज्ञ थिए । त्यसैले कुनै दैवी शक्तिको कारण अथवा पूर्वजन्मको कर्मसँग यसलाई जोड्दै धामी झाँक्रीकोमा धाउन थाले । त्यसले उनको स्वास्थ्यमा कुनैपनि सुधार देखाएन बरु झन् स्थीती खराब बन्दै गयो । त्यसैले उनको उग्र रुपको कारण परिवारले उनको सुरक्षा र अरु छरछिमेकको सुरक्षाको लागि भनेर उनलाई खोरमा बाँधेर राख्न थाले ।

कान्तिपुर राष्ट्रिय दैनिकमा "१५ वर्षदेखि ठिंगुरामा" भन्ने हेडलाईनका साथ कुमारको समाचार प्रकाशित भएको थियो । सोही समाचारका आधारमा कोशिशले कुमारलाई उपचारका लागि काठमाडौं ल्याएको थियो । कोशिशका टोली उद्धारको क्रममा उनको घर पुग्दा उनको अवस्था अत्यन्तै दयनीय थियो । उनको दुवै खुट्टा ठिंगुरामा हालेर घरभन्दा तल छुट्टै खोर बनाएर राखिएको थियो । उनी राम्ररी उभिन र हिंड्न सक्ने अवस्थामा थिएनन्, राम्ररी बोल्न पनि सकिरहेका थिएनन् ।

कोशिशले उद्धार गरी उपचार गरे पश्चात अहिले कुमार राम्ररी हिंडडुल गर्न सक्छन् । उनको बानी व्यवहारमा पनि परिवर्तन देखिन थालेको छ ।

"म कति खुशी छु भन्ने कुरा व्यक्त गर्न नै सक्दिन", उनको दिदिले उनलाई लिन आउँदा उत्साहित मुद्रामा भनिन् । "पन्ध्र वर्षसम्म थुनेर राखेको मान्छे ठिक भएर यस्तो होला भन्ने त कल्पना नै गरेको थिइन, यसको लागि कोशिश सहित सबैलाई धन्यवाद दिन्छु ।"



*उद्धार तथा उपचार गर्नु पहिले कुमारको अवस्था*



*उपचार पश्चात आफ्नी दिदिसँग घर जाने क्रममा*

## जनचेतना र वकालत

### विद्यार्थीहरुका लागि चेतनामूलक कार्यक्रम




*पद्मकन्या क्याम्पसमा भएको चेतनामूलक कार्यशाला गोष्ठीका सहभागीहरु*

मानसिक स्वास्थ्यको क्षेत्रमा विभिन्न पृष्ठभुमिका व्यक्तिहरुको भुमिका र आवश्यकतालाई महसुस गर्दै कोशिशले बहुआयामिक अवधारणालाई आत्मसाथ गरेको छ । मानसिक स्वास्थ्यको संरक्षण र सम्बर्द्धनको लागि यस अवधारणाले जीवनक्रम र मनोसामाजिक पद्दतीलाई समावेश गरी यस क्षेत्रलाई एकीकृत रुपमा अगाडी बढाउने छ । यसै सन्दर्भमा विभिन्न कलेजका सामाजिक सेवाका विद्यार्थीहरुको उपस्थितीमा कार्यक्रमहरुको आयोजना गरियो ।

के एण्ड के कलेज र पद्मकन्या क्याम्पसका सामाजिक सेवाका विद्यार्थीहरुबीच क्रमश: २८ भाद्र र ९ असोज, २०७० मा दुईवटा कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त छुट्टाछुट्टै कार्यक्रममा विद्यार्थीहरुको उल्लेखनिय सहभागीता रहयो र उत्तिकै रुचीका साथ विषयको गहनतालाई पनि गम्भिरतापुर्वक उनीहरुले मनन गरे । यस कार्यक्रमले मानसिक स्वास्थ्यको क्षेत्रमा सामाजिक सेवाका विद्यार्थीहरुलाई उनिहरुका भुमिका तथा आवश्यकता महसुस गराउन सफल रहयो ।

### मानसिक स्वास्थ्य सेवाको संरक्षण र सम्बर्द्धनका लागि कार्यक्रम

मानसिक स्वास्थ्यको संरक्षण र सम्बर्द्धनका लागि प्रभावकारी संयन्त्रको निर्माणका सन्दर्भमा सरोकारवालाहरुको भुमिका विषयक अन्तरक्रिया कार्यक्रम २०७० साल असोज २१ गते कोशिशको सहजीकरणमा राष्ट्रिय मानव अधिकार आयोगले आफ्नै परिसरमा कार्यक्रमको आयोजना गरेको थियो ।

मानसिक स्वास्थ्यको संरक्षण र सम्बर्द्धनका लागि प्रभावकारी संयन्त्रको पहिचान गर्ने उद्देश्य लिई यस कार्यक्रम आयोजना गरिएको थियो । त्यस्तै सरोकारवालाहरुको प्रभावकारी भुमिकाको बारेमा पनि छलफल गरिएको थियो । कोशिशका अध्यक्ष मातृका देवकोटाको "नेपालमा मानसिक स्वास्थ्यको अवस्था" विषयको प्रस्तुतिकरणबाट कार्यक्रमको आरम्भ भयो ।

राष्ट्रिय मानव अधिकार आयोगका सूर्य देउजाले मानसिक स्वास्थ्यको सम्बर्द्धन र संरक्षणको लागि कानूनी रुपमा यस आयागले खेलेको भुमिका तथा दृष्टिकोण विषयमा प्रस्तुतीकरण गर्नुभयो । त्यस्तै "मानसिक स्वास्थ्यको अवस्था र राष्ट्रिय मानव अधिकार आयोगको अनुभव" विषयमा आयोगकी मानव अधिकार अधिकृत सम्झना शर्माबाट प्रस्तुती थियो । अन्तमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पूर्व सचिव डा. निराकार मान श्रेष्ठले प्रस्तुतीकरणका विषय माथि सुझाव तथा आफ्नो राय प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शिक्षा मन्त्रालयका प्रतिनिधिहरु, गैर सरकारी संस्थाहरु, राष्ट्रिय मानसिक स्वास्थ्य संजाल नेपाल, काठमाडौं जिल्ला स्वास्थ्य कार्यालय, मानसिक अस्पताल, लगनखेल, नेपाल बार एसोसियसन, टिचिङ्ग अस्पताल आदिबाट कार्यक्रममा सहभागिता थियो । त्यस्तै मानव अधिकारकर्मीहरु र पत्रकारहरुको पनि बाक्लै उपस्थिति थियो ।

स्वास्थ्यको अधिकार मानिसको आधारभूत अधिकार हो भन्ने तथ्यलाई ध्यानमा राखेर यस कार्यक्रमको आयोजना गरिएको हो । तथापी नेपालमा मानसिक स्वास्थ्य अवहेलनाजनक विषयको रुपमा रहेको छ । राष्ट्रले पनि यस विषयलाई त्यती चासो दिएको पाईदैन । मानसिक समस्या भएका व्यक्तिहरु पनि समाजमा अन्य व्यक्ति सरह मार्यादित जीवन जीउन पाउनु पर्छ भन्ने अधिकारको सुनिश्चितता गर्न राष्ट्र असफल भएको अवस्था छ । जसले मानसिक स्वास्थ्यको संरक्षण, सम्बर्द्धन र रोकथाम गर्नु पर्ने विषयमा नै प्रश्नचिन्ह खडा गरेको छ । तसर्थ मानसिक स्वास्थ्य सेवालाई केद्रिन्य तहदेखि स्थानीय स्तरसम्म पहुँचका निम्ति छलफल गर्न तथा मानसिक स्वास्थ्य नीति, २०५३ ले परिकल्पना गरेबमोजिम मानसिक स्वास्थ्य क्षेत्रलाई सम्बोधन गर्न सरकारको तर्फबाट सहजीकरण, संयोजन तथा नियमनका लागि के कस्तो प्रभावकारी संयन्त्रको निर्माण गर्नु पर्छ भन्ने सम्बन्धमा यस्तो कार्यक्रम गर्नु पर्ने आवश्यकता महसुस गरिएको हो ।



*कोशिशका अध्यक्ष मातृका देवकोटा आफ्नो प्रस्तुती मार्फत सहभागीहरुको ध्यानाकर्षण गराउँदै ।*

### ब्रेकिङ्ग द चेन्स्........

"मातृका देवकोटाले नेपालभर मानसिक स्वास्थ्यसँगै जोडिएको कलंक चिर्न गरेको प्रतिवद्धता र शैक्षिक तथा वकालतको रुपमा गरेको विशिष्ठ कार्यको कदर गर्न पाउँदा जन्स्सेन खुशी भएको छ," ग्लोबल थेरापेटीक एरिया हेड फर न्यूरोसाइन्स्, जन्स्सेन रिसर्च एण्ड डेभलप्मेण्ट, एलएलसी का महाप्रबन्धक हुस्सेनी के मन्जीले भने । "देवकोटा संसारभर नै एउटा असल वक्ताको दृष्टान्त हुन् जसले मानसिक समस्या भएका व्यक्तिहरुको सहयोगका लागि निरन्तर कार्य गरिरहेका छन् जुन लक्षित रुपमा जन्स्सेनले गर्ने कार्यसँग सम्बन्धीत छ ।"

देवकोटाको यो सफलतालाई अन्तर्राष्ट्रिय मानसिक स्वास्थ्य दिवसको अवसर पारेर मुम्बईमा भव्य कार्यक्रमका बिच मनाइएको थियो । उक्त कार्यक्रममा ट्राभलिङ्ग एक्जिभिसन ब्रेकिङ्ग द चेन्स् अफ स्टीगमाको विशेष सो गरिएको थियो । उक्त प्रदर्शनीमा मानसिक स्वास्थ्य इतिहासको विश्वव्यापी मान्यता र मानसिक समस्या भएका व्यक्तिहरुले तयार पारेको चित्रकला छनौट गर्ने कार्यलाई पनि समावेश गरिएको थियो ।

डा. गुस्लान "ब्रेकिङ्ग द चेन्स् अफ स्टीगमा" अवार्डको लागि संसारभरबाट चालीस भन्दा बढी मनोनयन प्राप्त भएकामध्ये अन्तर्राष्ट्रिय स्तरका मानसिक स्वास्थ्यका वक्ताहरु र मानसिक स्वास्थ्य क्षेत्रका ख्यातीप्राप्त अधीकारकर्मीहरु संलग्न जुरीबाट बिजेताको छनौट गरिएको हो ।

(साभार: www.drguislainaward.org)

## लाञ्छना: आत्महत्या रोकथामको एक प्रमुख बाधक




कोशिश र आत्महत्या नियन्त्रणका लागि राष्ट्रिय संगठन (नासपार) को संयुक्त आयोजनामा विश्व आत्महत्या रोकथाम दिवस १० सेप्टेम्बर २०१३ का दिन भव्यताका साथ मनाइयो । यस दिवस विश्वमा एघारौं पटक मनाइरहँदा नेपालमा भने तेस्रो पटक मनाइएको हो । यस पटकको नारा "लाञ्छना : आत्महत्या रोकथामको एक प्रमुख बाधक" रहेको थियो ।

यस कार्यक्रमको प्रमुख उद्देश्य भन्नु नै आत्महत्या र मनोसामाजिक समस्या नियन्त्रणका लागि सामान्य नागरिक र सम्बन्धित सरकारी तथा सामाजिक संस्थाहरुलाई सचेत गराउनु र रोकथामका लागि सामुहिक वकातलको वातावरणको सृजना गर्नु रहेको थियो । जसले मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको स्वास्थ्यको अधिकारको संरक्षण गर्न र आत्महत्या न्यूनिकरणमा सहयोग पुचाउनेछ भन्ने हो ।

कोशिशका अध्यक्ष श्री मातृका प्रसाद देवकोटाले मानसिक स्वास्थ्य समस्यामा परेका महिला र तिनका बालबालिकाहरुको वर्तमान अवस्थाबारे प्रस्तुतीकरण गर्नुभएको थियो । त्यस्तै नासपारकी सदस्य श्री पुनम श्रेष्ठले आत्महत्याका प्रकार, नियन्त्रणका उपायहरु र आत्महत्या रोकथामका लागि भावी योजनाहरुबारे प्रस्तुत गर्नुभएको थियो । यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका कायममुकायम सचिव तीर्थराज बुर्लाकोटी र विश्व स्वास्थ्य संगठनका प्रतिनिधि फ्याङ्ग पाउलिनको पनि कार्यक्रममा उपस्थिति थियो ।

## अपांगता महासन्धि कार्यान्वयनमा संचार क्षेत्रको भूमिका विषयक कार्यक्रम



संयुक्त राष्ट्रसंघद्वारा मे ७, २०१० मा अनुमोदन गरिएको अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसँग सम्बन्धित महासन्धिबारे जानकारी र यसको कार्यान्वयन अवस्थाबारे छलफल गर्न कोशिशले एक कार्यशालाको आयोजना गर्‍यो । उक्त कार्यक्रममा महिला सञ्चारकर्मीहरु र महिलाका सवालहरुमा कार्य गर्दै आईरहेका सरकारी तथा अन्य गैर सरकारी सामाजिक संघ संस्थाहरुको सहभागीता रहेको थियो ।

विगतमा नागरिकको हक अधिकार संरक्षण र प्रवर्द्धनका लागि भएका विभिन्न अभियानहरुमा सञ्चारकर्मीहरु तथा मिडियाहरुले उल्लेखनिय भूमिका निर्वाह गरेका थिए । सोही तथ्यलाई मध्यनजर गर्दै सञ्चारकर्मीहरुले पक्ष राज्य र हिंसा पिडित मानसिक स्वास्थ्य समस्या भएका सिमान्तकृत महिला तथा तिनका बालबालिकाहरुबीचको दुरी हटाउनलाई मिडिया मार्फत महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने आधारमा यो कार्यक्रम आयोजना गरिएको हो ।

यस कार्यक्रममा कोशिशकी महासचिव सुस्मीरा अर्यालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धि महासन्धिको विशेषगरी धाराहरु १, ६, ७, १३ र १९ को कार्यान्वयन बारेमा प्रस्तुत गर्नुभयो । साथै लैङ्गिक हिंसाका कारण गम्भिर मानसिक स्वास्थ्य समस्या भएका महिला तथा तिनका बालबालिकाहरुको वर्तमान अवस्था र अपाङ्गता महासन्धी कार्यान्वयनका लागि राज्यको चासो नहुँदा सञ्चार क्षेत्रले खेल्न सक्ने भूमिकाबारे पनि चर्चा गर्नु भएको थियो ।

वास्तवमा कोशिशले निरन्तर रुपमा लैङ्गिक हिंसा प्रभावित महिला तथा बालबालिकाहरुको संरक्षण, उपचार र पुन:स्थापनाका लागि वकालत र पैरवी गर्दै आइरहेको छ । यस अभियानमा पनि मिडियाको साथ रहने छ भन्ने विश्वासका साथ कार्यक्रम सम्पन्न गरियो ।

## मनोसामाजिक अपाङ्गगताको तर्फबाट कोशिशको प्रतिनिधित्व

समुदायमा आधारित पुन:स्थापना विषयको अठारौं राष्ट्रिय सम्मेलनमा कोशिशले आफ्नो सहभागीता जनायो । सी.वी.आर. राष्ट्रिय नेटवर्क नेपालले आयोजना गरेको उक्त सम्मेलन दाङ्गको घोराहीमा कार्त्तिक ६ गतेदेखि ८ गतेसम्म चलेको थियो । यस पटकको नारा "हटाउँ अवरोध र बनाउँ पहुँच युक्त समावेशि समाज" भन्ने रहेको थियो ।



*कोशिशकी महासचिव तथा मनोविद् सुस्मिरा अर्याल कार्यक्रममा प्रस्तुतीकरण गर्दै*

यस सम्मेलनको उद्देश्य समुदायमा आधारित रही अपाङ्गता क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुबीच समन्वयका लागी संजाल विस्तार गर्ने र एकआपसमा अनुभव साटासाट गर्ने रहेको थियो । त्यस्तै कार्यक्रम संचालनका दौरान एकअर्काले भोग्नु परेका चुनौती तथा अवसरहरुको बारेमा पनि आदानप्रदान गरियो ।

कोशिशले उक्त सम्मेलनमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको तर्फबाट प्रतिनिधित्व गरेको हो । समुदायमा आधारित मानसिक स्वास्थ्य कार्यक्रम सम्बन्धमा नवौं सिकाई सत्रमा कोशिशको प्रस्तुती रह्यो । यस संस्थाका कार्यक्रम विकास अधिकृत फणिन्द्र कुमार न्यौपानेले "नेपालमा मानसिक स्वास्थ्यको प्रवाहीकरण" विषयमा प्रस्तुतीकरण गर्नुभयो । त्यस्तै संस्थाकी महासचिव तथा मनोविद् सुस्मिरा अर्यालले "अपाङ्गताभित्रको मनोसामाजिक अपाङ्गता" विषयमा प्रस्तुती दिनुभयो ।

समग्रमा यस सम्मेलनको माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो सवाल तथा विषयहरुलाई गम्भिरताका साथ उठान तथा प्रवाह गर्न सफल रहे ।